म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९१ सोमबार ७ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 19 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

नक्कली नोटसहित मनहरीका ४ जना पक्राउ

हेटौंडा, ६ फागुन/नक्कली नोटको कारोबार गरेको आरोपमा मनहरी गाउँपालिका-८ सिमपानीका ४ जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका ८ का लोकेन्द्र मुक्तानसहित ४ जना युवा रहेको प्रहरीले जनाएको छ । घटना बिबरणअनुसार फागुन ३ गते मनहरी ६ सुनाचुरीस्थित हरियाली होटल एण्ड रेस्टुरेन्टमा पुगेका लोकेन्द्र सहितको टोलीले खाजा खाएका थिए । खाजा खाएपछि तिरिएको हजारका नोट नक्कलीजस्तो लागेपछि होटल सञ्चालकले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले खोजी गरी फागुन ५ गते कैलाश गाउँपालिका पुगेर लोकेन्द्रलाई पक्राउ गरी ल्याएको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरीनिरीक्षक दीपक थापाले बताए । उनीहरुको साथबाट २४ थान हजारका नेपाली नोट बरामद भएका छन् । छाम्दा बाक्लो र खस्रो लाग्ने नोटहरु कसले, कहाँ र कसरी छाप्यो भन्नेबारे अनुसन्धान जारी छ ।

शिक्षा क्षेत्रमा कोसेढुँगा बन्दै हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्स र पञ्जावको लुधियानास्थित पीसीटीई ग्रुप अफ ईन्टिच्युटस्बीच सम्बन्ध बिस्तार गरिने भएको छ । नेपालकै चर्चितमध्ये एक मानिने हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र पञ्जावको पीसीटीई बीच विद्यार्थीको तहमा अध्ययन अनुसन्धान आदानप्रदान गर्ने समझदारी पत्रमा आइतबार दुबै संस्थाका प्रमुखबीच हस्ताक्षर भएको हो ।

नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि हेटौंडामा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका निर्देशक दिपेश जोशी र पञ्जावको पीसीटीईका निर्देशक डा.नरेश सच्दारले हस्ताक्षर गरेका हुन् । सम्मेलनमा शैक्षिक संस्थाका सञ्चालक, उद्यमीव्यवसायी र प्राध्यापक, विद्यार्थीबीच नवप्रवर्तन र उद्यमशीलता विकासका विषयमा अन्तरक्रियात्मक कार्यशाला भएको हो ।

हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको आयोजना तथा सरोकारवाला विभिन्न निकायको साथ र सहयोगमा आयोजित सम्मेलनमा नेदरल्याण्ड र भारतका बिभिन्न सहरबाट प्रतिनिधि सहभागी भएका छन् । शनिबार हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको व्यवस्थापन समिति अध्यक्ष देवप्रसाद श्रेष्ठको अध्यक्षता तथा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन भएको थियो ।

उद्घाटन समारोहमा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको आतिथ्य रहेको थियो । सम्मेलनमा नेदरल्याण्ड, भारत र नेपालका विज्ञहरुले नवप्रवर्तन र उद्यमशीलताको अवधारणा, विश्व परिवेश, सम्भावना र अवसरका विषयमा अन्तरक्रिया गरेका छन् । सम्मेलनको अवसरमा नवप्रवर्तन र उद्यमशीलतामै आधारित भएर विभिन्न परियोजनाको प्रस्तुती गरिएको थियो ।

सम्मेलनमा विदेशी तथा स्वदेशी विज्ञहरुले उत्तरआधुनिक समयमा सूचना प्रविधिसँगै कृत्रिम बौद्धिकताको समय आइपुग्दा नवप्रवर्तन र उद्यमशीलतालाई गम्भीर र नयाँ ढंगबाट बुझ्न जरुरी भएको उल्लेख गरेका थिए । अर्न्तराष्ट्रिय सम्मेलनमा विभिन्न १२ वटा कार्यशाला, छवटा सेमिनार र तीनवटा प्यानल डिस्कसन गरी अन्तरक्रियात्मक बहस भएको थियो । सम्मेलनमा नेपालमा नवप्रवर्तन र उद्यमशीलताको अवस्था र आगामी सम्भावनाका विषयमा ब्यापक छलफल गरिएको थियो ।

बागमती प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष प्राडा नरबिक्रम थापाले नेपालका लागि संघीय संरचना संस्थागत गर्दै जानुपर्ने र प्रदेशको पूर्वाधार निर्माणमा बढी केन्द्रित हुनुपर्ने अवस्था रहेको बताए । नवप्रवर्तनका लागि काम गर्न नीतिगत रुपमा अगाडि बढ्ने तयारी भइरहेको प्राडा थापाले बताए । स्टार्टअप उद्यम ब्यवसाय प्रबर्द्धन गर्न संस्थागत ब्यवस्था र आवश्यक पूर्वाधार विकास गर्ने कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारले तत्काल काम गर्न जरुरी रहेको प्राडा थापाले बताए ।

विदेशी लगानी तथा बौद्धिक सम्पत्ति शाखाका उपसचिव बिमलप्रसाद बरालले उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८० को मस्यौदाबारे जानकारी गराएका थिए । राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८० को मस्यौदामा औद्योगिक ब्यवसायसँग सम्बन्धित बिद्यमान कानूनहरुलाई स्टार्टअप उद्यम ब्यवसायमैत्री हुने गरी संशोधन र आवश्यकताअनुसार नयाँ कानून तर्जूमा गरिने जानकारी दिएका थिए ।

सरकारले स्टार्टअप उद्यमलाई प्रबर्द्धन गर्न करमा छुट तथा सहुलियत, बीउपूँजीको ब्यवस्था, सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदान, जनशक्ति विकास तथा प्राबिधिक सहयोगलगायत बित्तीय तथा गैरबित्तीय सुबिधा र सहयोग उपलब्ध गराउने मस्यौदामा उल्लेख गरिएको छ । उद्यम प्रबर्द्धन केन्द्रले कार्यबिधि बनाएर युवालाई स्वरोजगार बनाउने काम सुरु गरेको उपसचिव बरालले जानकारी दिए ।

उद्योग संघ मकवानपुरका निर्वतमान अध्यक्ष स्वागतराज प्याकुरेलले सहजीकरण गरेको प्यानल डिस्कसनमा संघका पूर्वअध्यक्ष एबम् सीएनआइका बागमती प्रदेश अध्यक्ष लेखराज पोखरेलले प्रतिक्रिया ब्यक्त गरेका थिए । कार्यक्रममा सहभागीहरुले स्टार्टअप उद्यमलाई सहजीकरण हुने कानून निर्माणमा ध्यान दिन आग्रह गरेका थिए । कार्यक्रममा प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, इन्टरपेनरसिप इकोसिस्टमका निरज खनाल, कारखना संस्थाका सिइओ पवित्र गौतमलगायत थिए ।

आइतबार डिजिटल युगमा बौद्धिक सम्पत्तिको अधिकार, नेटवर्किङ, वित्तीय क्षेत्रमा इनोभेसन, इन्क्युबेशन पेडागोजी, सरकारबाट नवप्रवर्तन र इन्क्युबेशन केन्द्रको अपेक्षा, जेनेरेटिभ एआईमा क्यारियर मार्गहरु, एआइका चुनौती र अवसर लगायतको विषयमा छलफल भएको थियो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको आयोजना तथा विभिन्न संघसंस्थाको सहआयोजना र साझेदारीमा अन्तर्राष्ट्रिय सम्मेनल भएको हो । स्टार्टअप प्याभिलियनमा २० वटा स्टार्टअप उद्यमीले सहभागिता जनाएका थिए ।

हेटौंडा एकेडेमीको सप्ताहव्यापी कार्यक्रम समापन, तीन जनालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले आइतबार विद्यालय प्रिन्सिपलसहित तीन जना व्यक्तिलाई सम्मान गरेको छ ।

हेटौंडा एकेडेमीको र जतजयन्तीको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम समापनमा विद्यालयका प्रिन्सिपल गौरीदेवी चिमरीया, संस्थापक अध्यक्ष डोरमणि पौडेल र साहित्यकार स्वर्गीय तुल्सी थापालाई मरणेप्रान्त सम्मान गरेको हो । विद्यालयले मरोणापरान्त सम्मान साहित्यकार थापाको परिवारलाई प्रदान गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ कलाकार हरिवंश आचार्यको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यालयका संरक्षक अजयराज सुमार्गी, वरिष्ठ कलाकार आचार्य र संस्थापक अध्यक्ष पौडेलले अबको शिक्षा कस्तो हुनुपर्छ ? भन्ने विषयमा आ-आफ्नो धारणा राखेका थिए । हेटौंडा एकेडेमीमा अध्ययनरत विद्यार्थीले निर्माण गरेको 'हेटौंडा एकेडेमी दर्पण' स्मारिका विमोचन भएको थियो । कार्यक्रममा विद्यार्थीको प्रतिभा, विद्यार्थीद्वारा निर्माण गरिएका हस्तकला, विज्ञान प्रदर्शनी, पुस्तक प्रदर्शनी गर्नुको साथै विद्यार्थीले खाना महोत्सव पनि सञ्चालन गरेका थिए ।

कार्यक्रममा हेटौंडा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले स्वागत मन्तव्य व्यक्त गरेका थिए । हेटौंडा उपमहानगर पालिका-१ का वडाध्यक्ष सविन न्यौपाने, हेटौंडा-११ का वडाध्यक्ष जुना दाहाल, प्याव्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी, बिन्दबासिनी मिडिया प्रालिकी अध्यक्ष अस्मिता सुमार्गी, विद्यालय व्यवस्थापन समितिका सदस्य अंकिता सुमार्गी, अग्निहोत्रि आश्रमका डाक्टर सीताराम खनाल, अधिवक्ता रामनारायण बिडारी लगायतको आतिथ्यता थियो ।

यसैगरी, हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयको र जतजयन्तीको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत शनिबार वृहत कवि सम्मेलन भएको थियो । कवि सम्मेलनमा दुई दर्जन भन्दा बढी साहित्यकारले रचनावाचन गरेका छन् । विन्दबासिनी मिडिया प्रालिकी अध्यक्ष अस्मिता सुमार्गीको अध्यक्षतामा भएको कार्यक्रममा सिस्नुपानी नेपालका अध्यक्ष तथा हास्यव्यङ्ग्य कवि लक्ष्मण गामनागेको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा चितवनका धनराज गिरी, रौतहटका हरिकृष्ण काफ्ले, प्राज्ञ धीरेन्द्र प्रेमर्षी, अर्जुन पराजुली, आरसी रिजाल, निमेष निखिल, सुवास खनाल, शान्तिप्रिय बन्दना, देवराज खरेल, माधव पोखरेल, किसन पौडेल, पुरुषोत्तम आचार्य, मुना न्यौपाने, बीरभद्र आचार्य, राजकुमार लामिछाने, सम्प्रस पौडेल, रोशनी चौलागाईलगायतले र चनावाचन गरेका थिए । कार्यक्रममा गायक कमलीकान्त भेट्वालले 'झम्के गुलेली' गीत गाएका थिए ।

कार्यक्रममा हेटौंडा एकेडेमीका ११ जना विद्यार्थी, ७ जना शिक्षकले कवितावाचन गरेका थिए भने कक्षा २, ३ र ५ का विद्यार्थीले समूहमा गीत गाएका थिए । सुमार्गी ग्रुप अफ इण्डष्ट्रिजका अध्यक्ष तथा हेटौंडा एकेडेमीका संरक्षक अजयराज सुमार्गीले साहित्य सुन्ने सुनाउने, अनुभव साटासाट गर्ने साहित्य कार्यक्रमलाई तीन दिन क्याम्पको रुपमा सञ्चालन गर्ने बताए ।

हेटौंडा क्याम्पसमा फुड स्टल

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/हेटौंडा ४ मा रहेको हेटौंडा क्याम्पसको ३४ औं वार्षिकोत्सवको अवसरमा आइतबार कक्षा ११ होटल म्यानेजमेन्ट संकायमा अध्ययनरत विद्यार्थीले फुड स्टल कार्यक्रम गरेका छन् ।

होटल म्यानेजमेन्ट संकायमा अध्ययनरत विद्यार्थीकै लगानीमा ४ वटा विभिन्न स्टल राखी विद्यार्थीले विक्री गरेका हुन् । स्टलमा विद्यार्थीले मम, कफी, पानीपुरी र चट्पटे विक्री गरेका थिए । हेटौंडा क्याम्पसको वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम आइतबार सम्पन्न भएको क्याम्पसका अध्यक्ष आनन्दराम पराजुलीले जानकारी दिए ।

स्वयिू हेटौंडा क्याम्पसको समन्वयमा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । क्याम्पसको वार्षिकोत्सवमा आयोजित खेलकुद कार्यक्रममा विजेता शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो । स्वयिू हेटौंडा क्याम्पसका सभापति अभी मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस अध्यक्ष पराजुली लगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तरराष्ट्रिय सम्मेलन:
नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धनको लागि क्षमता विकास
मिति: फागुन ५ र ६ | स्थान: एभोकाडो एण्ड अर्किड रिसोर्ट, हेटौंडा

INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship

#Innopreneurship #ICCD

KEYNOTE SPEAKERS

PROF. DR. DEV RAJ ADHIKARI
Chairman, University Grants Commission

MR. IGNOUS KARTHAUS
PUM Senior Expert

#TogetherWeCan

INTERNATIONAL SPEAKERS

DR. SASKIA J.M. HARKEMA
Founder, Impact Leaders International

MR. HENK TER STEGE
PUM Senior Expert

MR. ROB VAN STAR
PUM Senior Expert

DR. NARESH SACHDEV
Director, PCTE, Ludhiana

NATIONAL SPEAKERS

PROF. PUSHKAR BAJRACHARYA, PHD
Senior Management Educator

PROF. PREM RAJ PANT, PHD
Senior Management Educator

PURAN B JOSHI
Principal, HSMSS

NAROTTAM ARYAL
President, King's College

LEKHRAJ POKHREL
President, Conf. of Bagmati Prov. Industries

NIRAJ KHANAL
Entrepreneurship Ecosystem Enabler

SWAGAT RAJ PYAKUREL
Director, MM Polymers

RAJIV SHARMA
MD, Jobs Dynamics

BIBHUSHAN BISTA
Executive President, Young Innovations

PAVITRA GAUTAM
Co-founder/CEO, Karkhana

Organized by: Co-organized by: In partnership with:

साझाकुरा

हाम्रो कुरा

द्रुतमार्गको एक तिहाई उपलब्धी

नेपालको सार्वजनिक यातायातमा अत्यन्तै महत्वका साथ हेरिएको फास्टट्र्याकको एकतिहाई काम सम्पन्न भएको छ । यो समाचार सुन्दा केही नभएको भने पक्कै होइन भन्ने लाग्न सक्छ । तर, २०६४ मा आधादर्जन मन्त्रीहरुले शिलान्यास गरेको यो फास्टट्र्याक पटकपटक शिलान्यास भयो । केपी ओली र प्रचण्ड सरकार प्रमुख भएको समयमा शलिान्यास गरियो । जस लिने होडमा पटकपटक शिलान्यासमा मात्र ध्यान दिने तर, कार्यप्रगतिमा चासो नदिने समस्या पुरानै हो । अधिकांश सडक सञ्जाल मकवानपुरको भूभागमा पर्ने रणनीतिक महत्व बोकेको काठमाडौं-तराई/मधेस द्रुतमार्ग निर्माणको करिब ३१ प्रतिशत काम सकिएको छ । नेपालको सार्वजनिक यातायातमा कोषेढुँगा साबित हुने द्रुतमार्गमा देखिएका अवरोध हटाउन सबैपक्षबाट पहल हुनु जरुरी रहेको बताइएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्म आयोजनाको ३१ प्रतिशत भौतिक र ३१ दशमलव ५७ प्रतिशत वित्तीय प्रगति भएको छ । द्रुतमार्ग मकवानपुरको बकैया गाउँपालिका र भीमफेदी गाउँपालिका क्षेत्रमा बन्दैछ । ७१ किलोमिटर लम्बाइ रहेको यो आयोजना काठमाडौंमा चार दशमलव छ, ललितपुरमा ९, मकवानपुरमा ४९.७० र बारामा सात दशमलव छ किलोमिटर पर्दछ । आयोजना १३ वटा प्याकेज बनाएर निर्माण कार्य भइरहेकोमा प्याकेज नम्बर एकदेखि ७ र १० को खरिद प्रक्रिया सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको छ ।

प्याकेज नम्बर ८ (क), ८ (ख), ९ (क) र ९ (ख) को भने खरिद प्रक्रिया नै विवादित बनेको छ । प्याकेज नम्बर ११ अन्तर्गत खोकनाक्षेत्रमा द्रुतमार्गको सुरुविन्दु निर्धारण, यो क्षेत्रको सवारी आवागमन व्यवस्थापन र जग्गा अधिग्रहण विवाद समाधान गर्न सकेको छैन । खरिद प्रक्रियामा गइसकेका काममा मुख्यगरी सुरुङमार्ग र पुल निर्माणको काम धमाधम भइरहेका छन् । अहिले निर्माणाधीन तीन सुरुङमार्गको कुल लम्बाइ ६.४१ किलोमिटरमध्ये ४.३२ किलोमिटर अर्थात् ६७.४३ प्रतिशत खन्ने काम सकिएको छ । लेनडाँडा सुरुङमार्ग आगामी वर्ष वैशाखभित्र, धेद्रे सुरुङमार्ग जेठभित्र र महादेवटार सुरुङमार्ग आगामी वर्ष कात्तिकभित्र 'ब्रेकथ्रु' गरिसक्ने गरी काम भइरहेको आयोजनाले जानकारी दिएको छ । तीनवटै सुरुङमार्गमा हरेक दिन औसत तीन मिटर हाराहारी खन्ने काम भइरहेको छ । महादेवटार सुरुङमार्गको लम्बाइ तीन दशमलव ३५ किलोमिटरमध्ये हालसम्म एक दशमलव ९४ किलोमिटर सुरुङ खन्ने काम सकिएको छ । त्यसैगरी, धेद्रे सुरुङमार्गको कुल लम्बाइ एक दशमलव ६३ किलोमिटरमध्ये हालसम्म एक दशमलव १७३ किलोमिटर सुरुङ खनिसकेको छ । लेनडाँडा सुरुङमार्गको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) बमोजिम कूल लम्बाइ एक दशमलव ४३ किलोमिटर रहेकामा हालसम्म एक दशमलव २०४ किलोमिटर सुरुङ खनिएको छ । आयोजनाको ६ स्थानमा सुरुङमार्गको कुल लम्बाई १०.५५ किलोमिटर छ ।

यसमा देवीचौरी सुरुङ एक किलोमिटर, सिसौटार सुरुङ ०.३९, चन्द्रामभीर सुरुङ २.२५, महादेवडाँडा सुरुङ तीन दशमलव ३५५, धेद्रे सुरुङ १.६३० तथा लेनडाँडा सुरुङ १.४३० किलोमिटर छ । त्यसैगरी, आयोजनामा कूल ८९ पुल बन्नेछन् । यसको कूल लम्बाइ १२.८८५ किलोमिटर हुनेछ । बुदुनेमा दुई विश्रामस्थल बन्नेछन् भने खोकना, बुदुने र निजगढमा इन्टरचेञ्ज बन्नेछन् । टोलप्लाजा खोकना, बुदुने र निजगढमा बन्नेछन् । हालसम्म ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका प्याकेज नम्बर १ देखि ७ सम्मका पुलअन्तर्गत रहेका दुई दशमलव ८०२ फाउन्डेसन पाइलमध्ये एक दशमलव ६६५ पाइल निर्माण कार्य सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । द्रुतमार्गको सडकको चौडाइ पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर रहेको छ । आयोजना निर्माणका लागि अधिग्रहण गर्नुपर्ने कूल १५ हजार चारसय १६ रोपनी जग्गामध्ये सरकारी जग्गा १० हजार दुई ४४ र व्यक्तिगत जग्गा पाँच हजार एकसय ७२ रोपनी रहेको छ । अधिग्रहणको सूचनामा प्रकाशित व्यक्तिगत जग्गा पाँच हजार एक सय ७२ रोपनीमध्ये हालसम्म चार हजार सात सय ७७ रोपनी जग्गा अधिग्रहण भइसकेको छ । तीन सय ९५ रोपनी जग्गा अधिग्रहण हुन बाँकी रहेको नेपाली सेनाले जनाएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९		

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ८ गते मंगलबार २० फेब्रुअरी २०२४ । एकादशी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योद्दय ६:४०, सूर्यास्त ५:५७ । सामाजिक न्याय दिवस । भीमा एकादशी व्रत ।

आजको राशिफल

मेष	: आतिथ्यपूर्ण सम्मान पाइनेछ	तुला	: मनमा छट्पटि बढ्नेछ
वृष	: पवित्र कर्ममा मन जानेछ	वृश्चिक	: शत्रु पराजय हुनेछ
मिथुन	: घरेलु समस्याले सताउने देखिन्छ	धनु	: बुद्धि र पराक्रम बढ्नेछ
कर्कट	: महत्वपूर्ण भेटघाट हुनेछ	मकर	: नातागोतासँग भेटघाट हुनेछ
सिंह	: उपहार हात लाग्नसक्नेछ	कुम्भ	: रोकिएको कामहरु बन्नेछ
कन्या	: मानसिक तनाव बढ्नेछ	मीन	: आनन्दको महसुस हुनेछ

कर्णाली : धरोहर-मनोहर :

मागेको पैसाले देश बन्दैन !



✍ डा. राजाराम सुवेदी

शब्द कुञ्जिका :

कर्णाली : = कर्णालिको जस्तो स्वर निकाली बरने हिमालपारि तिब्बत मानसरोवरको जल र साइ हिमालको ढीका परलेर बग्दै नेपालमा आएको हिमनदी ।

धरोहर= नासो = धरौटी = चाहिएका बेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिइएको वस्तु ।

मनोहर = मनलाई हरण गर्ने किसिमको राम्रो, मन तान्ने रूप, मनलाई लोभ्याउने खालको, अति नै राम्रो ।

कर्णाली प्रदेशको वृहत् स्वरूप भन्नाले रापती नदीदेखि महाकाली नदीसम्मको भूभागलाई बुझाउँछ । तर, आधुनिक नेपाललाई सात प्रदेशमा विभाजन गर्दा कर्णाली प्रदेशको आकार सानो बन्न गएको छ । त्यसपूर्व पञ्चायत कालभर महाकाली, कर्णाली र भेरी अञ्चल भन्ने छुट्टै प्रशासनिक इकाइहरू थिए । कर्णाली प्रदेशलाई जहिले पनि निर्धो, पछौटे, अविकसित, प्रोत्साहन नपाएको, ठगिएको, केन्द्रबाट उपेक्षित, विकासको गतिमा पछि परेको, सभ्यताको दौडमा पछि परेको, गरिबीले सताइएको, उत्पादनमा न्यूनता भएको, जस्ता विशेषणहरूले पहिचान गराउँदै आइएको छ । तर, कर्णालीका उज्याला पक्षका बारेमा मानिसको दृष्टिकोण सकारात्मक रूपले मूल्याङ्कन गर्ने गरेको कमै भेटिन्छ ।

'जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ' भने झैं कर्णालीका अनगिन्ति पक्षहरू ज्यादै भर पर्दा र गौरव लाग्दा छन् । मानिसको स्वभाव सकारात्मकभन्दा नकारात्मकतातिर छिटो आकर्षित हुँदा अरुको टिप्पणीमा समय खेर फाल्ने गरेको देखिन्छ । हाम्रा सञ्चार समूह, पत्रकार तथा लेखकहरूले पनि सकारात्मकताभन्दा नकारात्मक, सिर्जनाभन्दा ध्वंश, उन्नतिभन्दा अरुले दुःख सुखपूर्वक गरेको प्रगतिमाथि नकारात्मक पक्षलाई दृष्टि दिने हुनाले समाजमा असन्तोषको विजारोपण विद्यालय तहदेखि हुँदै गएको पाइन्छ । बरु त्यसलाई सुझाव, समाधान, निर्देशन, सन्देश, निर्माणात्मक, सिर्जनात्मक, सुधारात्मक र सुखद् परिणाम निस्कने उपायहरूको मार्ग प्रदान गर्न सकेमा समाजमा आपसी द्वेष कम हुन सक्ने, समाजमा सुख शान्ति र अमन चयन कायम हुन सक्ने देखिन्छ। यसै प्रसङ्गमा कर्णाली प्रदेशमा के कस्ता अमूल्य सम्पदाहरूको अवस्थिति छ त ? त्यस बारेमा संक्षेपमा चर्चा गर्नु सान्दर्भिक नै हुनेछ ।

कर्णाली प्रदेशमा दुई प्रकारका सांस्कृतिक सम्पदाहरूको आधिक्य रहेको छ । ती हुन्, मूर्त सम्पदा-स्पर्शनीय, स्पृश्य, छोइने, छुन सकिने (ट्यान्जिबल हेरिटेज) र अमूर्त सम्पदा- अस्पर्शनीय, अस्पृश्य,नछोइने, छुन नसकिने (इन्ट्यान्जिबल हेरिटेज)।

मूर्त सम्पदा

कर्णाली प्रदेश भन्नेबित्तिकै भौगोलिक विकटता, जैविक विविधता मनोरम प्राकृतिक स्थलहरूको चित्र, मानव सभ्यता तथा सांस्कृतिक वैभवको स्मरण मानसपटलमा आइहाल्छ । मध्यकालीन कर्णाली प्रदेश वर्तमान कालमा राज्यको पुनर्संरचनाका क्रममा राजनीतिक सीमाको बाँडफाँटका कारण ५ नं. प्रदेशको केही भाग, प्रदेश नं ६ र ७ को पूरै भाग पर्दछ । हाम्रो अध्ययन वृहत् कर्णाली प्रदेशको रहेको छ र यस प्रदेशलाई हिमाली, उच्च पहाडी र केही तराई भागले ओगटेको छ, त्यसै विकटताका कारणबाट हुन सक्छ, विकासको गतिमा नेपालका अन्य प्रदेशहरूका तुलनामा यस प्रदेशले त्यति फड्को लिन नसकेको देखिन्छ ।

तर वास्तवमा बुझेर अध्ययन गर्ने हो भने प्राकृतिक तथा सांस्कृतिक वैभवका दृष्टिबाट यो प्रदेश निक्कै सम्पन्न मानिन्छ । अझ भन्नुपर्दा यो प्रदेशलाई प्रच्छन्न प्राकृतिक र सांस्कृतिक सम्पदाको भण्डार (हिडन ट्रेजर अफ कल्चरल एण्ड नेचुरल हेरिटेज) भने पनि अतिरञ्जित हुने छैन । प्राकृतिक सम्पदा भन्नासाथ यस प्रदेशमा रहेका नदी, झरना, तालतलैया, लेकाली भाग, हिमाली भाग, हिमाली घाँटीहरू, हिँउपहिराहरू, प्राकृत ज्वालाहरू, खनिजहरू, जङ्गल, हिमनदी, हिमताल, माटो, चट्टान, धरातल, तातोपानी, हिमचुचुरा, जीवजन्तु, प्राकृतिक बोटहरू (जडीबुटीहरू) र मानवोपयोगी खेतिपाती, जलस्रोत, प्राकृत कच्चा पदार्थमा आधारित उद्योग, वातावरणीय प्रयोग, हावाहुरी, घाम, झरी, बादल, प्राकृत कोप तथा यसको परिणाम आदि पर्दछन् ।

सांस्कृतिक सम्पदा भन्नाले मानवले निरन्तर अभ्यास गरेका, निर्माण गरेका, आफ्ना पूर्वजहरूले मनाई आएका रीतिरिवाजहरू, चाडपर्व, मेला, जात्राहरू, पूजा, स्मृतिस्वरूप आवृत्ति गरिएका लोक चलन, भजन र लौकिक परम्पराहरू, गेय, नृत्य, हावभावहरू, पारम्पारिक संगीत र वाद्यवादनका उपकरणहरू, प्राचीन वश्त्राभूषण, तथा युध्दका उपकरणहरू, वीरपूजाको परम्परा, दैनन्दिन प्रयुक्त सामग्रीहरू, खाद्य परिकारहरू, समुदायिक, जातीय, वर्गीय शिष्टाचार र मर्यादाहरू, स्वतस्फूर्तरूपमा यथारूपमा संरक्षि जीवित परम्पराहरू नै यस प्रदेशका अमूल्य निधिहरू मानिन्छन् । यी सम्पदाहरू केवल सांस्कृतिक सम्पदा मात्र नभइ पर्यटकीय गन्तव्य स्थलकारूपमा पनि उच्च मानिन्छन् ।

अमूर्त सम्पदा

संस्कृतिले प्राचीन मानव सभ्यताको प्रतिनिधित्व गरेको पाइन्छ, प्रत्येक क्षेत्रका मानवको सभ्यता त्यस भेकका बासिन्दाको जात, जाति, समुदाय, रीतिरिवाज, लुगा परिधान, खानपान जस्ता सांस्कृतिक निधिहरूबाट निर्देशित भएको समय सीमालाई प्रतिनिधित्व गरेको हुन्छ । नेपाली इतिहासको प्राचीनकाल, पूर्वमध्यकाल, उत्तर मध्यकाल र आधुनिककालमा नेपाली संस्कृतिको विकास क्रमबद्धरूपमा भइआएको छ । त्यसैसन्दर्भमा कर्णाली प्रदेशमा पनि आफ्नै मौलिक किसिमको संस्कृति भौगोलिक धरातलका आधारमा विकसित हुँदै आएको देखिन्छ ।

कर्णाली प्रदेशमा शिक्षित वर्गले पनि (ब्राहमण) कृषि, पशुपालन, व्यापार, उद्योग आदि गरेका, क्षत्रीयले व्यापार, जङ्गीतर्फको जागिर, पशुपालन, ठेक्का पट्टा, लेखापढी, सभामा न्याय दिने, आदि गर्दथे । वैश्य जातिको काम सबैले गरी आएको व्यवसायिककाम गर्दथे भने शुद्रहरूले आ-आफ्ना पुर्खाहरूले गरी आएको समाजसेवाको काम गर्दथे । त्यो परम्परा वर्तमान कालसम्म पनि केही हदसम्म कायमै रहेको पाइन्छ ।

आजकल शुद्र जातिले गर्दै आएको कलाकारितालाे काम तागा धारीले गरी आएको र आफ्नै पैतृक पेसा गरी आएकाहरूत्यसबाट जीविका नहुने देखी पेसा परिवर्तन गरेर आर्जनमुखी पेसा अँगाल्न थालेका छन् । पुरोहित वर्गले पर म्परागत पेसाका साथै क्षत्री, वैश्य र शुद्रवत् पेसा अङ्गीकार गरेको देखिन्छ । यद्यपि उनीहरूले आफ्नो परम्परागत संस्कृतिलाई पूर्णत: परित्याग गरेका भने छैनन् ।

उदाहरणको लागि नवजात शिशुको नामकरण, पाश्नी, चूडाकर्म, ब्रतबन्ध, विवाह, मृत्यु संस्कार आदिलाई लिन सकिन्छ र सबै जात जातिले पनि ती ती संस्कारहरू मान्यता गर्दै आएका हुनाले सबैको संस्कारमा समानताको पुट पाइन्छ वर्तमानकालमा सबैजसो जाति धूमपान, मद्यपान, लागू औषध सेवन, कुवृत्ति र कुनियत हटाउनमा लागि परेका देखिन्छन् । त्यस कार्यमा राजनीतिक दलहरूले पनि सहयोग पुऱ्याउनु पर्ने कुरा पनि सबैले महसुस गरेका छन् ।

पुर्खाहरूका झैं साह्रै दुःख गर्न छोडेर सुखको बाटो लाग्न खोज्नु परिवर्तित मानवीय स्वभाव नै हो । पहिलेका शासक, सामन्तीहरू, भारदार र सम्भ्रान्त जातिहरूको धनीमानी व्यभिचारी प्रवृत्ति, तस्करहरूको चरित्र, क्रमश: उदाङग हुँदै गएका छन् र समाजमा परिश्रम गरेर खानु पर्ने कुराको वातावरण बनिरहेको देखिन्छ । पुरुष प्रधान समाजमा पनि नारीहरूको योगदानको मूल्याङ्कन गर्न थालिएको र नारीहरूले आदिमकालबाट समाजको अस्तित्वका निम्ति गरेको सहनशीलता र परिश्रमको मूल्याङ्कन हुन थालेको छ ।

कर्णाली प्रदेशमा मध्यकालमा आफ्ना सन्तानलाई बेच्ने, बाँधा राख्ने, छोरी बेच्ने, बुहारी किन्ने, देबकी चढाउने जारी तिर्ने, बालविवाह गर्ने,राक्षसीविवाह गर्ने, बादी बदेनी भाँड भँडेनी भनी नीच पेशामा धकेल्नेजस्ता परम्पराहरूको प्राय: उन्मूलन भइसकेको अवस्था आएको छ । कन्याले आफ्नो वर आफैँले रोज्न पाउने, मनपरेकासंग विवाह गर्न पाउने आदिम वैदिककालीन समाजको प्रचलन बढ्दै नयाँ युगको उदय कर्णाली प्रदेशमा पनि भइरहेको छ ।

कर्णाली प्रदेशमा आधुनिक शिक्षाको प्रचार तीव्र गतिमा भइरहेको छ र सबै जातिका बाल बालिका विद्यालय र महाविद्यालयमा पढ्न गएका छन् । तर, ती सबैले आ-आफ्ना घर परिवार, छरछिमेक र इष्टमित्र बाहेक सांस्कृतिक शिक्षा आर्जन गर्ने अवसरलाई सरकारले पाठ्यक्रमबाट झिकेर, बञ्चित गर्दै गरेकोले गम्भीर चिन्ताको विषय भइरहेको छ । अब आएर नेपालका सातै प्रदेशहरूले आफ्नो प्रदेशव्यापी शिक्षाको मौलिक पाठ्यक्रमा निर्माण गर्दा आफ्नो पारम्पारिक, वैज्ञानिक, प्रमाणिक संस्कृतिलाई पुन: समावेश गर्नु पर्ने अपरिहार्यता भएको देखिन्छ ।

कर्णाली प्रदेशमा ब्राह्मण, ठकुरी, क्षत्री, भाट, धामी, दशनामी, शन्याशी, कनफट्टा, पावै, हुम्ली, ख्याम्पा, जाड्या, नेवार, थारु, गुराउ, धान्नुक, मुशहर, बिटालू (सुनार, कामी, सार्की, ढोली, डुम्, पातर, पार्की, ओड, चुनारा= वर्तमानमा दलित मानिएका), मिञा, आदिको बसोबास रहेको छ र तीमध्ये संख्याको दृष्टिबाट विचार गर्दा ब्राह्मण र ठकुरीको संख्या बढी नै छ । त्यसो हुनुको कारण कर्णाली प्रदेश मूलत: प्राचीनकालबाटै खसान क्षेत्र हुनाले नै हो ।

त्यस प्रदेशमा बसोबास गर्ने अल्पसंख्यको आवादीमा दशनामी, शन्याशी, कनफट्टा, पातर, र भाटहरू रहेका छन् ।यस प्रदेशमा विविध हावापानी, धरातलीय भिन्नता तथा संस्कृतिक विविधताका कारण मानिसको पेसा, परिधान, शारीरिक बनोट, रूप, रङ्ग, आनि बानि, लेन देन, बिहाबारीको किसिम पनि एक आपसमा पृथक रहेको पाइन्छ । त्यस प्रकारको पार्थक्यमा एक जातिको स्वभाव, सँस्कार, भाषा, जीवन वृत्ति, पेशा, शिष्टाचार, नित्य प्रयोगका सामानहरू, स्थानीय देवीदेवताहरू, पूजापाठ, अर्चना विवधि, कुलपूजा, दोषवयू, गृहदेवता, पेसा, मन्दिरको बनोट, घरको र टोलको बनोट, जन-विश्वास, क्षेत्र, गहना र भेषभूषा, विवाह पद्धति आदिमा आपसमा केही भिन्नता भएको महसुस गर्न सकिन्छ ।

कर्णाली प्रदेशमा बसोबास गर्नेहरूबीच एकता बनाइरहने तत्व हो, सबैका साझा देवतामष्टा कुलदेवताको मान्यता । ती कुलदेवता मष्टाले मानव जीवनका आइ पर्ने प्रत्येक पक्षमा सहयोग गर्दछन्, उदाहरणको लागि भूत, प्रेत भँयाउनी लागेमा, पैशाचिक प्रकोप भएमा, चौपायाको धन वृद्धि गर्ने इच्छा भएमा, रोगब्याधीले अत्याएमा औषधिमूलो गर्नु परेमा, खेतिबालीबाट सहकाल ल्याउनु परेमा, अतिवृष्टि, अनावृष्टि रोक्नु परेमा, सन्तान नभएमा, असल सन्तान बनाउनु परेमा, विदेशिएका आफन्तको निधो, पत्ता तथा छिटो घर फर्काउनु परेमा, र चारैतिर शुभ हुनका निम्ति रत्यसबाट छुटकारा लिन, चोखीनीतिपूर्वका श्री मष्टा देवताको पर्व पर्वमा र आवश्यक परेका बेलामा, विधिवत् पूजा गर्ने, मष्टाका धामी बसाल्ने, धामी पतुर्न लगाएर उनका मुखबाट देवभाषामा आशीर्वाद लिने र उनले, देवता चढेको बेलामा देवभाषामा व्यक्त गरेका कुरा जस्ताको तस्तै पालना गरिनु र अपेक्षित सुधार हुँदै जानू ।

कर्णाली प्रदेशमा प्रचलित संस्कृतिलाई मूलत: दुई भागमा बिभाजन गर्न सकिन्छ: जस्तै,

वैदिक संस्कृति:

वैदिक शास्त्रीय विधिमुताबिक गरिने संस्कारहरू, जसमा कर्मकाण्ड, वैदिक देवीदेवताहरूको पूजा, अर्चना, गर्भाधान देखि मृत्यु पर्यन्तसम्म गरिने तर्पण, पिण्डदान, श्राद्ध, तीर्थाटनमा पुगिएका ठाँउका देवीदेवताको पूजा विधि आदि । वैदिक संस्कृतिमा प्रसिद्ध देवी, देवताहरूको सार्वलौकिक लिखित तथा ब्यापक शास्त्रीय वैदिक मन्त्रद्वारा आह्वान, सम्बोधन गरेर, अग्निहोत्र विधिले पण्डित, पुरोहित आदिलाई बोलाएर पूजा अर्चना गरिन्छ । उदाहरणको निम्ति: बाबू, आमा, सूर्य, चन्द्रमा, वरुण, इन्द्र, कुबेर, नवग्रह, ब्रह्मा, विष्णु, महेश्वर, कुबेर, वायु, आदि ।

लौकिक संस्कृति:

लौकिक संस्कृति, जसमा परम्परादेखि लोकमा प्रचलित भइआएका धेरै जसो अलिखित र मौखिक सांस्कृतिक परम्परालाई भन्न सकिन्छ । विशेष गरी जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट, अछाम, बझाङ्, बाजुरा, डोटी, दैलेख सुर्खेत, जाजरकोट, रोल्पा, दाङ, सल्ल्यान,बैतडी, दार्चुला, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, जस्ता जिल्लामा लौकिक संस्कृतिका मौलिक तथा प्राकृतरूपमा सुरक्षित रही आएका पाइन्छन् । कर्णाली प्रदेशबाट जति पूर्वतिर बढदै गयो उति नै नेपाली संस्कृतिको विस्मृति तथा क्षय हुँदै गएर भिन्न प्रकारको सङ्क्षेपिकृत रूप बन्दै गएको महसुस अनुसन्धाताहरूलाई हुने गर्दछ ।

लौकिक संस्कृतिमा शुद्ध आत्मा, स्थानीय देवी, देवता, दुष्ट आत्मा भूत, प्रेत, पिशाच, श्मशाने, भ्याउनी, बीर, मरेडायनी, देवीदेवताका वाहनहरू, निशाचरहरू, अगति परेर मरेका पितृहरू, गलत किसिमबाट मारिएकाहरूको भौंतारिएको आत्मा, अकालमै मरेकाहरू, लौकिक देवताहरू, भूमे, भँयर, अँयर, देउराली, वनदेवी, निधिनी, झाँक्री, वनझाँक्री, ओडार र पहरामा बस्ने दैत वा देवताहरू आदिको लौकिक विधानबाट धामी, बिजूवा, गुराउ, मान्थेबा, तान्त्रीक, झाँक्री, झार फूक गर्ने, यान्त्रीक, अभिचार विधिबाट, फुकफाकका माध्यमबाट उग्र भएका त्यस्ता लौकिक देवीदेवताहरूलाई शान्त पारेर दुःख नदिउन् भनी पूजा गर्ने र मन्साउने परम्परालाई मान्यता गरिन्छ ।

कर्णाली प्रदेशमा पूजिने वैदिक देवीदेवताहरू सात्विक र राजशी प्रकृतिका हुन्छन् भने लौकिक देवीदेवताहरू राजशी र तामशी प्रकृतिका हुन्छन् । उदाहरणका निम्ति : परब्रहमा, ब्रहमा विष्णु, महेश्वर, गणेश, सूर्य, देवी, राम, कृष्ण, कुमार, दूधेमष्टा आदिलाई सात्विक विधिबाट पूजा गरिन्छ भने इन्द्र, भैरव, मष्टा, काली, दाह्रेमष्टा, काली भँयर, अँयर, भूमे, झाँक्री, नन्दी, भृङ्गी, चतुषष्टी योगिनी, भूत, प्रेत, वायु, दोष, पिशाच, भ्याउने, श्मशान, भान, बाहन, फाके, लागो, भागो, आदिलाई राजशी र तामसी विधिबाट पूजा, धूप, उपचार, खोज, पुकार, सुपुकार, भाकल, आदि विधिबाट सम्मान गर्ने परम्परा रही आएको छ । (देवकोटा, २०४६, पृष्ठ, १०७) ।

त्यसरी राजशी र तामसी विधिबाट पूजा, धूप, वलि, मन्साउने, बुझाउने, थान्को लगाउने प्रक्याबाट चोरी, हत्या, पीडा, बलात्कार, लाञ्छना, रोग, ब्याधी, आतङ्ककारी, लूटिने, पिटिने, छकाइने, ठगिने, मुद्दा मामिलामा फस्ने आदिबाट बच्नका निम्ति ती देवीदेवतालाई भाकल गरेर शान्तपार्ने परम्परा अद्यापि प्रचलनमा रही आएकै छ । त्यस्ता धेरै देवताहरूमध्ये सबैभन्दा शक्ति र सामर्थ्य भएका, तत्कालै फल दिनसक्ने देवता श्रीमष्टा देवता नै मानिन्छन् । नेपालभर बसोबास गर्ने खस आर्यका कुलदेवता मष्टा र देवीहरूको उत्पत्ति क्षेत्र कर्णाली प्रदेश नै मानिन्छ । त्यस्ता ज्यादै प्रख्यात देवता मष्टा र देवी भवानीका बिभिन्न रूप र नामका हुन्छन्, जसमा बाह्रभाइ मष्टा र नौ दुर्गा भवानी भनी पुकारा गरिन्छ । श्री नौ दुर्गा भवानीका पनि शय जति नाम छन् भने श्रीमष्टाका पनि चौराशीबटा नामहरू प्रचलित रहेका पाइन्छन् ।

कर्णाली प्रदेशमा राख्श्या, भूत, भाउन्ना, मशान्या, दोभान, मुखोल्या, वायु, कप्टिनी, बोग्सी, डाङ्किनी, साङ्गिनी, दानुवा, प्रेत, पुङ्खाल, भँयर, भान, छाया, चौ, चौती, आदिले मानिसलाई रोग ब्याधी, मूर्छा, धनहानी, कृषि हानि, सन्तान हानि, निस्सन्तान, भीमल, तर्सो, मन चञ्चल गराउने गर्छन् भनिन्छ । त्यस्ता भूतादिबाट कष्टमुक्त हुन धामी, झाँक्री, नाडिछाम्ने, चामल जोखाना हेर्ने, फूकफाक गराउने, अक्षता उडाउने, वलि दिने, रङ्गबिरङ्गले पूजा गर्ने कुखूरा, परेवा, चल्ला छोड्ने, सामान र बत्तिसहित बिमारीको शरीरलाई सात पटक घुमाएर सात तयाली वाचा गराएर दोबाटोमा लगेर फ्याँकिन्छ, छोडिन्छ ।

त्यस कार्यलाई खोज गरेको भन्ने भनाई छ, खोज गर्दा खरानी (रखानी) को डल्लोलाई पिण्डको रूपमा मानेरखोज कर्ता धामीले चामलका पीठाको मानिसको मूर्ति निर्माण गरेर, सातबटा दाबिलामा अँगारले भूतभाषामा लेखेर, मन्साउने नेटामा पुगेपछि, फलामको दिउरा, भजालामा लगेको आगो भूईंमा खन्याएर , सोही आगोमा कडूवा तेलको धूप हालेर, मन्साउने सर जामको वरिपिर आंखोराम लगेको जलले वरपर घुमाएर बिमारीको नाम फलाकेर सात तयाली वाचा गराएर अब उप्रान्त सो ब्यक्ति र निजका कुनै पनि परिवारलाई दुःख नदिने बाचा गराइन्छ । त्यति गरेपछि मात्र सो चामलका पीठाको मूर्ति र सारा सरजामलाई भूईंमा खाल्टो खनेर पुरिन्छ र सातबटा दाबिला उही खोज गर्दा गाडेको खाल्टो वरपर ठड्याएर गाडिन्छ र बिमारी भएका घरतिर फर्किन्छन् । घर फर्के पछि आंखोरामा लगेको बाँकी जलले बिरामीलाई दोहोलो काडिन्छ र अब उप्रान्त निको भयो भनी सातो जाने किसिमले कराउने र लागो भागो छुटाउने गरिन्छ ।

कर्णाली प्रदेशमा फाग, माँगल, भारत, झोडा, चैत, चाँचडी, ढूस्को, भोस्सो, भाइल, भैली र गाथाको विशाल भण्डार नै मानिन्छ, त्यसता केही उदाहरणकारूपमाजस्तै: सरुवा कौनियाको भारत,बिना कठाइतको भारत, उदा छोपालाको भारत, शक्ति कठाइतको भारत, रनि राउतको भारत, लछ्मलकीर्तिको भारत, बालराजा काँशीरामको भारत,बिमा राउतको भारत,राजा जितारी मल्ल जालन्धरी मल्लको भारत,सङ्गामसिँ कार्कीको भारत, रारा पैकेलाको झोडा, कालू बम्मको झोडा, नागर बिष्ट भैरब बिष्टको झोडा, सती कलशाको गाथा,बाँके रावल चना रौतेलीको गाथा, जस्ता ज्यादै प्रचलित अमूर्त सम्पदा मानिन्छन् । (तिमिल्सेना, २०७७, पृष्ठ, २७४०-२७५) दैलेखका अमूर्त सम्पदाका बारेमा एउटा पुरानो उखानयुक्त भनाई सुन्न पाइन्छ: जस्तै: सातालाको भैलो, डौंशूरको हूड्केली, सिगौठीको भोस्सो, खूडखूडीको मारुनी, नौमूले, टाकूरी, काँशीकाँधको सरौंघाउ(हातहतियार हातमा लिएर गरिने द्वन्द्वयुध्दको नमूना, अभिनय) आदि प्राचीनकालबाट प्रख्यात मानिन्छन् ।

निष्कर्ष

कर्णाली प्रदेशको हिमाली उच्चपहाडी ठाडा डाँडा, भीराला पाखाले वनेको भूगोल हामीले सोचे झैं सहज र उर्बर थिएन, त्यस्तो ठाँउमा अभ्यस्त मानव जीवन पद्धति, सभ्यता र संस्कृतिको बारेमा जान्न खोज्दा आशा लागेजति खाका, चित्र स्पष्ट हुने गरी पाउन सकिएको छैन भने निराशा हुनु पर्ने स्थिति पनि रहन्न । प्राचीन रेशमको व्यापार उर्लेको बेलामा हिन्दकुश हिमाली भूभागलाई आफ्नो कब्जामा पारेका खस राजाहरूले उत्तर- पश्चिम भारत र दक्षिण-पश्चिम तिब्बतलाई आफ्नो राज्यक्षेत्र भित्र पार्न सक्ने यो खस जातिको सभ्यताले तत्कालिन विश्वलाई गम्भीर प्रभाव पारेको इतिहासबाट स्पष्ट हुन जान्छ ।

अझ गम्भीरतापूर्वक अध्ययन गर्दा खस जातिले गरेका वैज्ञानिक आविष्कारहरू, उनीहरूको सभ्यताको प्रभाव, उनीहरूको संस्कृति, सामजिक बनोट, भाषाको विकास, परिधान, राज्यको मजबूति, आर्थिक स्रोतको उचित परिचालन, स्वर्णभूमिसंगको व्यापार र वाणिज्य, जातिपाति र स्थलसंग सम्बन्धित थरको पहिचान, पेशाप्रतिको निष्टा, कामको मर्यादा, कलाकौशल र साम्राज्यको अध्ययनबाट यस जातिको समृद्ध को चुलीलाई उच्च मूल्याङ्कन गर्न सकिने आधारहरू पाइएका छन् ।

केवल कर्णाली प्रदेश मात्र नभएर, काश्मीर, गढवाल, कुमाउँ, नेपाल, भूटान, सिक्किम, भारतको हिमाञ्चल

मेलम्चीमा करिब ८५ करोडको भ्रष्टाचार मुद्दा, तत्कालीन ३ सचिव मुछिए

काठमाडौं/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको दाबी गर्दै खानेपानी मन्त्रालयका तत्कालीन ३ सचिवसहित १५ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले भ्रष्टाचारमा संलग्न रहेको आरोपमा परामर्शदाता र निर्माण कम्पनी विरुद्ध पनि मुद्दा दायर गरेको छ । अख्तियारले मेलम्ची खानेपानी आयोजनाको ठेकेदारलाई रकम भुक्तानी गर्दा अनियमितता गरेको आरोपमा उनीहरु विरुद्ध मुद्दा दायर गरेको हो ।

अख्तियारले मेलम्ची खानेपानी विकास समितिका तत्कालिन बोर्ड अध्यक्षहरु डा. सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुरलाई प्रतिवादी बनाई मुद्दा दायर गरेको छ । उनीहरु तीनैजना खानेपानी मन्त्रालयको सचिवको हैसियतमा मेलम्ची खानेपानी विकास समितिको बोर्ड अध्यक्ष थिए ।

अख्तियारले अर्थ मन्त्रालयका तत्कालिन सहसचिव एवं मेलम्ची खानेपानी आयोजनाका बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेल विरुद्ध पनि मुद्दा दायर गरेको छ । उनी पनि नेपाल सरकारको सचिवबाट अवकाश पाएका व्यक्ति हुन् । खानेपानी मन्त्रालयका तत्कालिन सचिव सञ्जय शर्मा र पौडेलसँग अख्तियारले ६ करोड ९७ लाख रुपैयाँ बिगो माग गरेको छ ।

तत्कालीन सचिव भीमप्रसाद उपाध्याय विरुद्ध चार करोड ११ लाख बिगो मागदावी गरेको छ । अर्का सचिव गजेन्द्रकुमार ठाकुर विरुद्ध ६० करोड ४९ लाख रुपैयाँ बिगो मागदावी गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ । अख्तियारले मेलम्ची खानेपानी आयोजनाको तत्कालीन् बोर्ड सदस्य रुद्रसिंह तामाङ, चन्द्रबहादुर थापाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

काठमाडौं महानगर पालिकाका तत्कालिन कार्यकारी अधिकृतको हैसियतमा बोर्ड सदस्य बनेका तामाङ हाल अध्यागमन विभागका महानिर्देशक छन् । अख्तियारले ११ करोड ९ लाख रुपैयाँ बिगो माग गर्दै भ्रष्टाचार मुद्दा दायर गरेपछि उनी निलम्बनमा परेका छन् । अख्तियारले बोर्डका अर्का सदस्य चन्द्रबहादुर थापाविरुद्ध भने ७१ करोड ५८ लाख रुपैयाँ बिगो मागदावी गरेको छ ।

भ्रष्टाचार मुद्दा लाग्नेहरुमा मेलम्ची खानेपानी आयोजना विकास समितिका तत्कालीन कार्यकारी निर्देशकहरु घनश्याम भट्टराई, रामचन्द्र देवकोटा र सूर्यराज कँडेल पनि रहेका छन् । भट्टराईविरुद्ध २२ करोड ७५ लाख, देवकोटाविरुद्ध ३२ करोड ३५ लाख र कँडेलमाथि ८९ करोड ८ लाख रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारको दाबी छ ।

मेलम्ची खानेपानी विकास समितिका लेखा उपसचिवहरु मणिभद्र न्यौपाने, बेगनाथ पौडेल, लेखा अधिकृत रामचन्द्र न्यौपानेमाथि ३२ करोड ३५ लाख रुपैयाँ राज्यकोषमा नोक्सान पुऱ्याएको आरोप छ । अर्का लेखा उपसचिव केदारप्रसाद अर्यालविरुद्ध ४४ करोड ७३ लाख रुपैयाँ राज्यकोषमा क्षति पुऱ्याएको अख्तियारको आरोप छ ।

अख्तियारले मेलम्चीका तत्कालिन सिनियर डिभिजनल इञ्जिनियर तथा उपकार्यकारी निर्देशक भोजबिक्रम थापाविरुद्ध ३२ करोड ३५ लाख रुपैयाँ बिगो माग गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेका खानेपानी मन्त्रालयका तीन सचिवहरु बाँयाबाट क्रमशः सञ्जय शर्मा, भीम उपाध्याय र गजेन्द्र ठाकुर ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार ठेकेदारलाई गैरकानुनी रुपमा रकम भुक्तानी गरी राज्यकोषमा ८९ करोड ८ लाख रुपैयाँ हानीनोक्सानी पुऱ्याएको अभियोगमा यो मुद्दा दायर गरिएको हो ।

'विभिन्न शीर्षकहरुमा भएको अनियमितताको रकम जोडेर बिगो तयार पारिएको हो । कतिपय व्यक्तिहरुमाथि उनीहरु निर्णय प्रक्रियामा संलग्न भएको रकम गणना गरेर बिगो निकालिएको छ', उनले भने ।

अख्तियारले परामर्शदाता कम्पनी इप्टिसा र बीईटीएस जेभीका डेपुटी टिम लिडर शिवकुमार शर्मा विरुद्ध ४८ करोड ३६ लाख रुपैयाँ बिगो मागदावी छ । त्यही कम्पनी विरुद्ध ८७ करोड ५८ लाख रुपैयाँ बिगो मागदावी गरेको छ । निर्माण व्यवसायी सीएमसी रेभेना विरुद्ध ६५ करोड १४ लाख रुपैयाँ विगो मागदावी गरेको छ ।

सरकारले ३१ असार, २०७० मा तीन वर्षभित्र काम सम्पन्न गर्ने भनी इटालियन कम्पनी सीएमसीसँग मेलम्ची आयोजनाको काम १०९५ दिनभित्र सक्न ठेक्का सम्झौता गरेको थियो । ७ अर्ब ७२ करोड रुपैयाँमा ठेक्का लिएको उक्त कम्पनीले २०७५ मंसिर २९ गते बीचैमा काम छाडेर फिर्ता भएको थियो । सीएमसीले काम गरेको ५ वर्ष ५ महिनाको अवधिमा ठेकेदार, परामर्शदाता र सरकारी अधिकारीहरुबीच भएका कामकारवाहीहरु ठेक्का सम्झौता र सार्वजनिक खरिद ऐन विपरीत भएको अख्तियारको दाबी छ ।

आयोजना विकास समितिले उक्त इटालियन कम्पनीलाई सम्झौता अवधिमै समझदारीपत्रको पर्चा खडा गरी २० प्रतिशतभन्दा बढी रकम अतिरिक्त रुपमा दिएको अख्तियारको दावी छ ।

त्यसरी कानुन विपरीत काम गर्दा सीएमसीलाई करिव ५३ करोड ६३ लाख रुपैयाँ बढी रकम भुक्तानी भएको थियो । त्यसपछि पनि आयोजनाले पेश्कीका नाममा ३२ करोड २८ लाख रुपैयाँ ठेकेदार कम्पनीलाई भुक्तानी दिएको थियो । यो दुई पटक गरी ८५ करोड ९१ लाख रुपैयाँ राज्यकोषमा नोक्सान भएको अख्तियारले दाबी गरेको छ ।

अख्तियारले यो रकम बैंक जमानीबाट असुल गरी त्यसमा लाग्ने ब्याज ११ करोड ९ लाख १७ हजार रुपैयाँ असुल नगरेको आरोप पनि लगाएको छ । तर सीएमसीले लिएको २० प्रतिशत पेश्की फर्छ्यौट नगर्दै काम छाडेको थियो । सीएमसीले काम छाड्दा असुल हुन बाँकी रकम बैंक जमानतबाट असुल गर्दा १ करोड २९ लाख ९३ हजार रुपैयाँ असुल नगरेको पनि अख्तियारको भनाइ छ ।

अख्तियारले रनिङ बिल भुक्तानीका सिलसिलामा रकम असुल नगरेकाले १० करोड रुपैयाँ नोक्सान भएको पनि दाबी गरेको छ । त्यस्तै निर्माण सामग्री, मेसिन, घरटहरा प्रयोग गरेबापत ११ करोड ६६ लाख, त्यसपछि फेरि निरन्तर प्रयोग गरेबापत १६ करोड रुपैयाँ असुल नगरेको भन्दै अख्तियारले परामर्शदाता र मेलम्ची खानेपानी आयोजना व्यवस्थापन त्यसबाट बिमुख भएको आरोप लगाएको छ ।

भेरिएसन स्वीकृत नगरी निर्माण व्यवसायीकै कारण भएको खर्चमा समेत आयोजनाले रकम भुक्तानी गरेको थियो । जसबाट राज्यकोषमा करिव १० करोड १० लाख रुपैयाँ नोक्सानी भएको अख्तियारको दावी छ । सम्झौताको शर्त विपरीत भीमकाली गणमा भएको निर्माणमा थप ६० लाख खर्च भएको भन्दै अख्तियारले यो काममा मात्रै १० करोड ७० लाख नोक्सानी भएको दाबी गरेको छ ।

अपुरो काम भएको अवस्थामा पूरा दररेटमा भुक्तानी दिएको, नगरेको कामको समेत गलत मूल्यांकन गरेर रनिङ बिललाई हचुवाको आधारमा सिफारिस गरेको भन्दै अख्तियारले त्यसमा परामर्शदार्ता र व्यवस्थापन पक्षलाई दोषी आरोप लगाएको हो । यस्ता कामहरुबाट करिव २८ करोड १३ लाख राज्यकोषमा नोक्सान भएको अख्तियारको दावी छ । त्यो मध्ये ११ करोड ८२ लाख रुपैयाँ पछिका बिलहरुबाट स्वभाविक देखिएपछि बाँकी १६ करोड ३१ लाख रुपैयाँ असुलउपर हुनुपर्ने अख्तियारको दावी छ ।

अख्तियारले औचित्य नै नभएको अवस्थामा परामर्शदाता नियुक्त गरेको पनि बताएको छ । मेलम्ची खानेपानी आयोजना विकास समितिसँग सहमति लिई इडवार्ड कोर्बिट एण्ड को कम्पनीसँग परामर्श सेवा लिएकोमा २१ लाख २१ हजार रुपैंया भ्रष्टाचार भएको दावी गरेको छ ।

महालेखा परीक्षकको कार्यालयले २०७५ सालमा नै मेलेम्ची खानेपानी आयोजनामा भएको खर्च र भुक्तानी प्रक्रियामाथि प्रश्न उठाएको थियो । इटालियन कम्पनीले सरकारबाट रकम भुक्तानी पाउनासाथ त्यसको ठूलो हिस्सा रकम इटाली पठाउने गरेको थियो, अनि थप काम गर्न रकम माग्थ्यो ।

महालेखाले त्यतिबेला नै मेलम्चीमा पटकपटक करिव ६० करोड रुपैयाँ बढी पेश्की दिइएको भन्दै प्रश्न उठाएको थियो । महालेखाको प्रतिवेदन सार्वजनिक भएलगत्तै तत्कालिन सचिव भीम उपाध्यायले लेखापरीक्षकहरुलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक रुपमा गालीगलौज गरेका थिए । एक लेखापरीक्षकले भने, 'तपाईले दिएको भुक्तानी प्रक्रियासम्मत भएन भन्ने प्रश्न उठाउदा मात्रै उहाँ हामीहरुसामू निकै आक्रामक रुपमा प्रस्तुत हुनभएको थियो ।'

मेलम्चीको विवादास्पद विगत

काठमाडौंमा बढ्दो खानेपानी अभाव सम्बोधन गर्न मुलुकमा प्रजातन्त्र स्थापनालगत्तै गृहकार्य सुरु भएको थियो । २०४७ सालमा परामर्शदाता 'स्मेक'ले काठमाडौंमा खानेपानी आपूर्तिका लागि दिइएको २२ विकल्पमध्ये मेलम्ची खानेपानी आयोजनालाई पहिलो प्राथमिकतामा राखेको थियो ।

२०४८ को आम निर्वाचन प्रचारप्रसारका क्रममा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले 'मेलम्चीको पानीले काठमाडौंको सडक पखाल्ने' बहुचर्चित भाषणले मेलम्ची खानेपानी आयोजनाको चर्चा चुलिएको थियो ।

आयोजनाका लागि लगानी जुटाउने जिम्मेवारी सहित २०५३ सालमा मेलम्ची खानेपानी लिमिटेड स्थापना भएको थियो । कम्पनी मार्फत काम हुन असम्भव हुने देखिएपछि २०५५ सालमा विकास समिति गठन गरी त्यही मोडेलमा काम अघि बढेको थियो ।

लगत्तै एसियाली विकास बैंक (एडीबी)को ऋण र नर्वेजियन र स्वीडेन सरकारको अनुदान सहयोगमा विस्तृत सम्भाव्यता अध्ययन र डिजाइनको काम सुरु भयो । सुरुको डिजाइन अनुसार मनहोरा खानेपानी प्रणाली सहित आयोजनाको लागत ४ सय ६४ मिलियन अमेरिकी डलरको हुने अनुमान थियो ।

२०५७ सालमा ऋण सम्झौता पनि हुँदा सात वर्षभित्रै आयोजनाको निर्माण सकिने लक्ष्य राखिएको थियो । एक वर्षपछि नै एसियाली विकास बैंकले आयोजना सम्भावनायुक्त नरहेको भन्दै हात झिक्ने चेतावनी दियो । २०६१ सालसम्ममा नोर्डिक र सिडा मेलम्चीमा लगानी गर्ने सम्झौताबाट पछाडि हटे ।

एसियाली विकास बैंकले यसबीचमा अर्को प्रश्न उठायो । खानेपानी संस्थानबाट काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन गर्न सम्भव नहुने भन्दै उनले बेलायती कम्पनी ल्याउनुपर्ने जोडबल गरिरहेको थियो । तत्कालीन अर्थमन्त्री रामशरण महतले एडीबीको प्रस्तावलाई समर्थन गरे तर भौतिक योजनामन्त्री हिसिला यमीले विपक्षमा अडान लिइन् । उपत्यका खानेपानी बोर्ड गठन गरेर त्यसअन्तर्गत काठमाडौं उपत्यका खानेपानी लिमिटेड(केयूकेएल) स्थापना गर्ने मध्यमार्ग समाधान खोजियो, त्यसले नै उपत्यकाको खानेपानी व्यवस्थापन गर्ने मोडेल बनेसँगै मेलम्चीमा लगानी गर्न एसियाली विकास बैंक तयार भयो र काम अघि बढेको थियो ।

सरकारले पाँच वर्षभित्र मेलेम्चीको सुरुङ बनाउनुपर्ने भनी चिनियाँ कम्पनी सीआरसीसीलाई २०६५ सालमा ठेक्का दियो । तर, चिनियाँ कम्पनीले यति ढिलो काम गऱ्यो कि म्याद सकिन एक वर्ष मात्रै बाँकी हुँदा २७ किलोमिटरमध्ये ८ किलोमिटर मात्रै सुरुङ खन्यो । त्यसपछि सरकारले एकतर्फी रुपमा ठेक्का तोड्यो । २०७० सालमा इटालियन कम्पनी सीएमसी डि रेभेनाले बाँकी सुरुङ खन्ने ठेक्का पायो । २०७३ सालमा काम सक्नुपर्ने गरी सम्झौता भएपनि २०७२ वैशाखको भूकम्प र त्यसपछि भार तले लगाएको नाकाकान्दीका कारण देखाउँदै उसले कामको गति बढाएन ।

इटालियन कम्पनीले विभिन्न बहानामा काम अल्झाउँदै थप भेरिएसन रकम माग्ने क्रम बढाये । दाबी गरेजति रकम दिन नेपाल सरकार तयार नभएपछि इटालियन कम्पनीले अन्तर्राष्ट्रिय ठेक्काको विवाद सुनुवाइ हुने अदालत (अर्बिटेसन कोर्ट)सम्म मुद्दा पुऱ्यायो ।

विवाद नटुंगिँदै माघ २०७५ मा इटालियन कम्पनी सीएमसी टाट पल्टिएर आयोजना छाडेर बाहिरियो । स्थानीय साना ठेकेदारदेखि विभिन्न पक्षसँगको आर्थिक लेनदेन नटुंग्याई नेपाल छाडेको सीएमसीले मेलम्चीको बाँकी काम नगर्ने घोषणा गऱ्यो । मेलम्ची खानेपानी विकास समितिले ठेक्का तोडेर भदौ २०७६ मा चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रोलाई बाँकी काम सक्ने जिम्मा दिएको थियो ।

चिनियाँ कम्पनी सिनो हाइड्रोले सुरुङतर्फको सबै काम सकेपछि असार २०७७ मा पहिलोपटक मेलम्चीको पानी काठमाडौं ल्याउन सुरुङमा खसालिएको थियो । सुरुङमा पानी हालिए पनि ड्याम र बालुवा छान्ने संयन्त्रसहितको मुहानस्थल निर्माणको काम सकिएको थिएन । पानी भर्ने क्रममै सुरुङको अडिट टनेलको गेट भत्किएर दुर्घटना भएर २ जना इन्जिनियरको ज्यान गयो ।

सुरुङको ढोका मर्मतपछि फागुन २०७७ मा फेरि मेलम्चीको पानी काठमाडौं ल्याएर बाँड्न थालिएको थियो । चैत २०७७ मा काठमाडौंको भृकुटीमण्डपबाट तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले औपचारिक रुपमा मेलम्ची खानेपानी आयोजनाको आयोजनाको सुरुवात गरिन् ।

१ असार २०७८ मा मेलम्चीमा आएको बाढीले खानेपानीको मुहानस्थल तहसनहस पारेको थियो । पानी वितरण थालेको साढे दुई महिनापछि मुहानस्थलमा बनेका संरचनाहरु नै बाढीले काम नलाग्ने बनाइदिएको थियो ।

बाढीले तहसनहस पारेपछि मेलम्चीको मुहानस्थलको डिजाइनमै प्रश्न उठेको थियो । एशियाली विकास बैंकले बाढीपछि दिगो रुपमा आयोजना सञ्चालन गर्न मेलम्चीको मुहान सार्नुपर्ने निष्कर्षसहित गत मंसिरमा मात्रै सरकारलाई प्रतिवेदन दिएको छ ।

अहिले हरेक वर्ष अस्थायी बाँध बनाएर हिँउदमा मेलम्चीको पानी ल्याउने र वर्षायामभरि सुरुङ नै बन्द गर्ने क्रम चलिरहेको छ । आयोजनाको नवौं पटक उद्घाटन भइसकेको छ र आगामी वर्षायाममा पनि सुरुङ बन्द गर्नुपर्ने अवस्था कायम छ । २०६४ सालमा निर्माण सुरु भएको आयोजना करिब ४० अर्ब खर्चिंदा पनि निर्माणकै चरणमा छ र अझै कति लगानी गर्नुपर्ने हो भन्ने अनिश्चित छ ।

(स्रोत: अनलाइनखबर)

शिक्षामा सहज पहुँचका लागि दलित अगुवाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/थाहा नगरपालिकाको आयोजनामा भएको दलित लक्षित अभिमूखीकरणमा शिक्षामा सहज पहुँच हुनुपर्ने चिन्तन गरिएको छ ।

आइतबार भएको दलित लक्षित कार्यक्रमसम्बन्धी समीक्षा तथा अभिमूखीकरणमा यस्तो छलफल भएको हो । कार्यक्रममा सहभागीले माध्यमिक कक्षासम्म अध्ययनरत दलित समुदायका सम्पूर्ण बालबालिकालाई निःशुल्क अध्ययनको व्यवस्था गरिनुपर्ने, उच्चशिक्षा तथा प्राविधिकशिक्षा निःशुल्क र छात्रवृत्तिसहित अध्ययनको व्यवस्था गर्ने र दलित समुदायले सञ्चालन गर्दै आएका पेसा तथा व्यवसायलाई आधुनिकीकरण गरी स्वरोजगारमुखी बनाउन नगरपालिकाले काम गर्नुपर्ने बताइएको हो ।

दलित समुदायलाई सामाजिक, सांस्कृतिक र आर्थिकरुपमा सबल बनाउनका लागि विनियोजन भएको बजेट सदुपयोग हुनुपर्ने सहभागीको जोड थियो । थाहा नगर पालिका सामाजिक विकास समिति संयोजक दिनेश बलको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर पालिकाका निर्वाचित दलित प्रतिनिधि र दलित अगुवाको उपस्थिति थियो । कार्यक्रममा सामाजिक विकास शाखाअधिकृत अनिल लामिछानेले सहजीकरण गरेका थिए ।

तासिरको वार्षिकोत्सवमा रोबोटको प्रयोग

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/हेटौंडा उपमहानगरपालिका-७, नागस्वतीस्थित तासिर इङ्लिस सेकेण्डरी विद्यालयको वार्षिकोत्सव कार्यक्रम भएको छ । विद्यालयको २० औं वार्षिकोत्सवको उद्घाटन रोबोटबाट गरिएको हो ।

ब्यानरलाई छोपिएको रिमोट कन्ट्रोल पर्दालाई हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको हातबाट रिमोट कन्ट्रोलको सहायताले खोल्दै कार्यक्रम उद्घाटन गरिएको थियो । कार्यक्रममा रोबोर्टले दिएको स्वागत मन्तव्य कार्यक्रमको आकर्षण रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिठ्ठेबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा रोबोटिक, विज्ञान तथा प्रविधि, आईटी, नेपाली साहित्य, अंग्रेजी साहित्य, स्थानीय प्रविधि तथा खेल स्टल राखिएको थियो ।

कार्यक्रममा विद्यार्थीका नृत्य, गायन, नाटयकला, उद्घोषण प्रतिभा प्रस्फोटन गरिएको थियो भने एसइइ २०७९मा जिपिए ४ सहित जिल्ला प्रथम हुने विद्यार्थी डाफिन राइकालाई नगद ५० हजार ५ सय ५५ रुपैयाँ, जिपिए ३ दशमलव ९५ सहित जिल्ला द्वितीय हुने विद्यार्थी प्रवल थापा र सुयोग अर्याललाई नगद १० हजार १ सय ५५ रुपैयाँ प्रदान गरिएको थियो । कार्यक्रममा शिक्षक, शिक्षिका, कर्मचारी तथा विद्यार्थीलाई सम्मान गरिएको थियो ।

विद्यालय सञ्चालक राजन थापा र प्रिन्सिपल विनोद शर्मा थपलियाले विद्यालयले गर्दै आएको असल अभ्यास र भावी योजना प्रस्तुत गरेका थिए । कार्यक्रममा हेटौंडा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष इन्द्रबहादुर बस्नेत, नागस्वती भेट्टान्सका अध्यक्ष सोमबहादुर तितुङ, उद्योग वाणिज्य संघका निलम पाण्डेलगायतको आतिथ्यता रहेको थियो ।

अब राजनीतिमा आउने विजय लामाको घोषणा

काठमाडौं/अभिनेता विजय लामाको परिचयका विभिन्न आयाम छन् । उनी पेशाले विमान चालक (पाइलट) हुन् । सन् १९८५ देखि यो पेशामा आबद्ध रहेका उनी करिब ४ दशकदेखि अभिनयमा पनि सक्रिय छन् । सामाजिक कार्यमा पनि उनको अग्रसरता देखिन्छ । कुनै बेलाका लङ टेनिसको राष्ट्रिय स्तरको खेलाडी समेत हुन्, उनी । अब उनी पेशाबाट विश्राम लिएर राजनीतिमा आउने भएका छन् ।

शनिबार फिल्म 'गोर्खा वारियर'को प्रिमियरमा सहभागी हुन धरान पुगेको समयमा उनले पत्रकार अनुप भट्टराईसँगको कुराकानीमा भनेका छन्, 'म राजनीतिमा अवश्य प्रवेश गर्छु । जतिले पनि खेमागत रुपमा मिलेर देश भत्काए, मेरो कम्पनी भत्काए, नेपालीत्व भत्काए, तिनीहरुमाथि बदला लिनका लागि म आउँछु । एक वर्षपछि राजनीतिमा आउँछु । म चुनाव लड्नका लागि तयार हुँदैछु ।'

नेपाल एयरलाइन्सको जागिरबाट रिटायर्ड भैसके पनि अझै काम गरिरहेका लामाले एक वर्षपछि अवकाश लिने बताएका छन् । 'म जागिरबाट रिटायर्ड भैसकेको छु । तर, मैले अझै धेरैलाई तालिम दिन बाँकी छ,' उनी भन्छन्, 'हामीले नयाँ विमान चालकहरु तयार गर्दैछौं । मैले रिटायर्ड भएर पनि काम गरेको २ वर्ष जति भयो । मैले चाहेँ भने अझै ५ वर्ष गर्न सक्छु । तर, अब धेरै समय गर्दिनँ ।'

यही फागुन ११ गतेदेखि प्रदर्शनमा आउन लागेको 'गोर्खा वारियर'मा मुख्य भूमिकामा अभिनय गरेका उनी गोर्खालीको कथामा धेरै फिल्म बन्नुपर्ने बताउँछन् । उनले भने- 'वीर गोर्खालीको बारेमा हजारौं कथा छन्, तर त्यो पर्दामा आउन सकेको थिएन ।

यसपटक मिलन चाम्सको टिमले त्यो आँट गरेको छ । यस्तो कथामा धेरै फिल्म बन्नुपर्छ । 'गोर्खा वारियर' दर्शकलाई नयाँ अनुभव हुनसक्छ ।'

त्रिविको उपकुलपतिमा ३ जनाको नाम सिफारिस

काठमाडौं/शिक्षामन्त्री अशोक राई नेतृत्वको सिफारिस समितिले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा तीन जनाको नाम सिफारिस गरेको छ । समितिले चित्रबहादुर बुढाथोकी, टंकनाथ धमला र केशरजंग बरालको नाम उपकुलपतिका लागि सिफारिस गरेको समिति स्रोतले जनाएको छ ।

सिफारिस समितिले २३ पुसमा त्रिवि उपकुलपतिमा दरखास्त आह्वान गर्दा ४२ जनाले निवेदन दिएका थिए । तीमध्येबाट २५ माघमा समितिले १४ जनाको नाम सर्टलिस्टमा राखेको थियो । विज्ञहरु प्रा.डा.चन्द्रबहादुर श्रेष्ठ, प्रा.डा.

सुरेशराज शर्मा समितिका सदस्यहरु शिक्षा सचिव सुरेश अधिकारी र वौद्ध अध्ययन विभाग प्रमुख चन्द्रकला घिमिरेले २९ माघ , १ र २ फागुनमा सर्टलिस्टमा परेकाहरुको अन्तर्वार्ता, व्यवसायिक कार्ययोजना प्रस्तुतिकरण र सोचपत्रको मूल्यांकन गरेका थिए ।

मूल्यांकनपछि उम्मेदवारको सोँचपत्र र व्यावसायिक कार्ययोजनाका प्रस्तुतिकरण मूल्यांकनको क्रममा भने समितिले फरक फरक विज्ञको सहयोग लिएको थियो । त्यसपछि सिफारिस समितिले उनीहरुको मूल्यांकनको आधारमा तीन जनाको नाम प्रधानमन्त्री तथा त्रिविका कुलपति पुष्पकमल दाहाल प्रचण्डलाई सिफारिस गरेको हो । अब प्रधानमन्त्री प्रचण्डले तीनमध्ये एक जनालाई त्रिविको उपकुलपति नियुक्त गर्नेछन् ।

त्रिविको उपकुलपति पदका लागि कुसुम शाक्य, केशरजंग बराल, गोविन्द सुवेदी र चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्र प्रसाद पौड्याल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायणप्रसाद वेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्र प्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सुर्यबहादुर थापा सर्टलिस्टमा परेका थिए ।

कात्तिक १६ गते तत्कालीन उपकुलपति प्रा.डा.धर्मकान्त बास्कोटाको कार्यकाल सकिएपछि तत्कालीन रेक्टर प्रा.डा.शिवलाल भुसालले ३ महिनाका लागि उपकुलपतिको जिम्मेवारी पाएका थिए । तर त्यस अवधिमा पनि उपकुलपति छनोट नसकिएपछि पुनः ३ महिनाका लागि उपकुलपतिको जिम्मेवारी पाएका छन् ।

(स्रोत: अनलाइनखबर)

हिन्दी फिल्ममा देखिँदै बेनिशा

काठमाडौं/बलिउड फिल्ममा नेपाली कलाकारको उपस्थिति बढ्दो छ । मनिषा कोइराला, सुनिल थापा, भोलाराज सापकोटा, झरना बज्राचार्य लगायतले हिन्दी फिल्ममा काम गरिसकेका छन् । तथापि, मनिषा जत्ति बलिउडमा अरु स्थापित हुन सकेनन् । अब चाँडै अभिनेता प्रदीप खड्काले फिल्म 'ऐरी'बाट बलिउडमा डेब्यू गर्दैछन् भने अभिनेत्री बेनिशा हमाल पनि बलिउड फिल्ममा देखिने भएकी छन् ।

बेनिशाले फेसबुकमार्फत् आफूले पहिलोपटक हिन्दी फिल्ममा काम गर्न लागेको जानकारी गराएका हुन् । फिल्मको टिमसहितको केही तस्वीरहरु सेअर गर्दै उनले लेखेकी छन्, 'भ्वाइस मोडुलेसन, डिक्शन र फ्लोमा महिनौं काम गरेपछि म आफ्नो पहिलो हिन्दी फिल्मका लागि पूर्ण रुपमा तयार छु ।' उनी अहिले फिल्मको छायांकनका लागि भारतको पिथौरागढ स्थित पञ्चाचुली क्षेत्रमा छिन् ।

उनले फिल्मको बारेमा विस्तृतमा जानकारी गराएकी छैनन् । तर, उनले सेअर गरेको एउटा तस्वीरमा हिउँमा 'दुर्गम' लेखिएको छ, जुन फिल्मको शीर्षक हुनसक्ने बुझिन्छ । उनले इन्स्टाग्राम स्टोरीमा भारतीय कलाकार गोदान कुमारसँगको एक तस्वीर पनि सेअर गरेकी छन् । अर्थात् उनीहरुले एकसाथ काम गर्दैछन् । गोदामले 'धडक', 'लाल कप्तान' जस्ता फिल्ममा काम गरिसकेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

चलचित्र पत्रकार संघको प्रथम राष्ट्रिय भेला हेटौंडामा सुरु

साझाकुरा संवाददाता

मकवानपुर, ६ फागुन/ चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला आइतबारबाट हेटौंडामा सुरु भएको छ । संघको स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा चलचित्र पत्रकार संघ नेपाल केन्द्रीय समितिले आइतबारदेखि ८ गते मंगलबारसम्म राष्ट्रिय भेला आयोजना गरेको हो ।

संघका अध्यक्ष समिर बलामीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको उद्घाटनमा सिनेपर्यटनलाई अघि सार्दै सिनेमा मार्फत् नेपालको पर्यटन प्रबर्द्धन गर्न जोड दिइएको छ । नगरप्रमुख लामाले चलचित्र नरहे नेपाली संस्कृति र पहिचान नरहने टिप्पणी गरेकी छन् । नगर प्रमुख लामाले चलचित्र क्षेत्र व्यक्ति र पेशागत भन्दा पनि राज्यको संस्कृति तथा पहिचानसँग जोडिएको बताइन् ।

'चलचित्र क्षेत्र रहेन भने हाम्रो संस्कृति र पहिचान रहन्न । चलचित्र क्षेत्र व्यक्तिगत र पेशासँग भन्दा पनि संस्कृति र पहिचानसँग जोडिएको छ ।' उनले भनिन्,- 'राज्यले चलचित्र निर्माणलाई प्रोत्साहन गर्नुपर्छ, सरकारले चलचित्रकर्मीलाई सघाएर अघि बढ्नुपर्छ । चलचित्रसँगै विकास निर्माणका काममा राज्यलाई ठुलो चुनौती रहेको छ ।'

पर्यटकीय हिसाबले मकवानपुर महत्वपूर्ण रहेको र फिल्म स्टुडियो बनाउन हेटौंडा उपमहानगर पालिकाले जग्गा उपलब्ध गराउने नगरप्रमुख लामाले प्रतिवद्धता व्यक्त गरिन् । बोर्डले नेतृत्व लिएमा उपमहानगरपालिकाले आर्थिक तथा समाजिकरुपमा सहयोग गर्ने लामाको भनाई छ । कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईले चलचित्रक्षेत्रले सेवाक्षेत्रको रुपमा मान्यता नपाउँदा समस्या भएको बताए । अध्यक्ष हुमागाईले चलचित्र क्षेत्रको विकासका लागि विदेशी कलाकारको प्रयोग गर्न नपाउने व्यवस्था गरिएको बताए । बागमती प्रदेश संचार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले चलचित्र क्षेत्रको विकासका लागि प्रदेश सरकारले कानुन निर्माण गर्ने तयारी गरेको बताए । प्रदेश सरकारले ऐन निर्माणका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ऐनको मस्यौदा तयार गरिरहेको सापकोटाले जानकारी दिए । एकवर्ष भित्र चलचित्र क्षेत्रमा नयाँपनको महशुस हुनेगरी काम गरिरहेको सापकोटाको दाबी थियो ।

चलचित्र विकास बोर्डका अध्यक्ष अभिनेता भुवन केसीले चलचित्रकर्मी र पत्रकारबीचको दुरी बढ्दो क्रममा रहेको बताए । अभिनेता केसीले विगतमा चलचित्र क्षेत्रको विकासमा कलाकर्मी र पत्रकार एकजुट भएर काम गर्ने गरेको भएपनि हाल परिस्थिति विपरीत भइरहेको अध्यक्ष केसीले बताए । अध्यक्ष केसीले चलचित्र ऐन नबन्दा चलचित्र क्षेत्रको विकासका काम गर्न समस्या भइरहेको धारणा राखे । विदेशी चलचित्रको अतिक्रमणबाट बचाउने र नेपाली चलचित्रलाई प्रोत्साहन गर्नेतर्फ पत्रकारले भूमिका खेल्नुपर्ने केसीको धारणा थियो ।

चलचित्र पत्रकार संघ मकवानपुर शाखाले समन्वय तथा व्यवस्थापन गरेको भेला ११ सेसनमा विभिन्न कार्यक्रम हुनेछ । भेलामा सिनेमा र पर्यटनका विभिन्न विषयमा ११ सेसनमा संवाद हुने संघका अध्यक्ष बलामीले जानकारी दिए ।

हेटौंडाको पल्पसा प्याराडाइज होममा आयोजित भेलामा सिनेमा र पर्यटनसँग सम्बन्धित विभिन्न क्षेत्रका ११ वटा सेसन सञ्चालन गरिने अध्यक्ष बलामीले जानकारी दिए । भेलामा चलचित्र पत्रकारितामा क्रियाशील सय बढी पत्रकार, चलचित्र निर्माता, निर्देशक, चलचित्रकर्मीको उपस्थिति रेहेको छ ।

कार्यक्रममा नेपाली चलचित्र उद्योगको कार्यपत्र र चलचित्र पत्रकारिता क्षेत्रको कार्यपत्र प्रस्तुत हुने चलचित्र पत्रकार संघ मकवानपुर शाखा अध्यक्ष कपिल खड्काले बताए । बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐन मस्यौदा माथि छलफल हुनेछ । प्रेस काउन्सिल नेपालले विट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि आचारसंहिताका बारेमा छलफल गरिने छ । बिज्ञापन बोर्डले अनलाइन व्यवस्थापनसम्बन्धी कार्यपत्र पेश गर्ने तयारी रहेको बताइएको छ ।

फागुन ७ गते सिनेमा पर्यटन, सिनेमा बजार, मिडिया प्रमोशन र कर्पोरेट लगानी, फिल्म सेन्सर, नेपाली सिनेमाको अबको बाटो, केन्द्रीय चलचित्र ऐन र सेन्सर कार्यविधि बिषयमा संवाद र अन्तक्रिया आयोजना हुनेछ । सेन्सर बोर्डका अध्यक्ष तथा सहसचिव नेत्रप्रसाद सुवेदी, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रवन्धक फूलमान वल, पर्यटन बोर्डका प्रबन्धक सूर्य थपलिया, संचार मन्त्रालयका प्रतिनिधि, पर्यटन मन्त्रालयका प्रतिनिधिलगायत उपस्थिति रहनेछ ।

दयाराम दाहाल, नरेन्द्र महर्जन, जनक तामाङ, स्वस्तिमा खड्का, केकी अधिकारी, दिनेश डिसी, आकाश अधिकारी, निश्चल बस्नेत, अशोक प्यासी राई, मनोज पण्डित, सन्जोग बस्याल, अरुण बराल, चिरञ्जीबी पौडेल, मोहन निरौला, राजु केसी, नवल खड्का, रवि अधिकारी, केएल पीडित, विदुर गिरी, शान्तिप्रिय, धुब लम्साल, प्रकाश सायमी, डब्बु क्षेत्रीलगायत चलचित्रकर्मी तथा पत्रकारको सहभागी हुनेछन् ।

बागमती गोल्डकप: सेमिफाइनल समीकरण पूरा

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

आइतबार अन्तिम क्वाटरफाइनलका खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो । आइतबार बागमती-८ स्थित जनता माविको खेलमैदानमा भएको अन्तिम क्वाटरफाइनल खेलमा आयोजक बागमती खेलकुद विकास समितीलाई ४-० गोलले हराउँदै विभागीय टोली त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

आर्मीको जीतमा जिलेस्पीजंग कार्कीले खेलको पहिलो हाफको २६ औं मिनेटमा, रास बुढामगरले दोस्रो हाफको ८ औं, फत्तेमान घलले १८ औं मिनेटमा र कमल थापाले ३० औं मिनेटमा समान एक-एक गोल गरे । खेलको म्यान अफ द म्याच आर्मीका फत्तेमान घोषित भए । उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे ।

सेमिफाइनल प्रवेश गरेको आर्मीले अब फाइनल प्रवेशका लागि मंगलबार विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ । यसअघि एपीएफसहित मछिन्द्र फुटबल क्लब र न्युरोड टिम एनआरटी सेमिफाइनल प्रवेश गरिसकेको छ । प्रतियोगिता अन्तर्गत पहिलो सेमिफाइनल खेलमा सोमबार मछिन्द्र फुटबल क्लब र न्युरोड टिमबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको फाइनल खेल फाल्गुन १० गते हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

चौतारीलाई जर्सी हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/केपी ओली कप फुटबल प्रतियोगिताको प्रचारका नेकपा एमालेको भातृसंगठन राष्ट्रिय युवा संघ नेपाल र प्रेस चौतारी नेपाल मकवानपुरबीच हुने मैत्रीपूर्ण फुटबलको तयारी पूरा भएको छ ।

सोमबार हुने सेभेन 'ए' साइड मैत्रीपूर्ण फुटबल प्रतियोगिताका लागि युवा संघ मकवानपुरले प्रेस चौतारीलाई जर्सी हस्तान्तरण गरेको छ । हस्तान्तरण कार्यक्रममा नेकपा एमाले मकवानपुर जनवर्गीय संगठनका सहसंयोजक आरती पाठक, युवा संघ बागमती प्रदेशका कोषाध्यक्ष नरेन्द्र भण्डारी, जिल्ला अध्यक्ष राजेश नगरकोटी, प्रेस चौतारी नेपाल बागमती प्रदेशका महासचिव प्रकाश दाहाल, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला कोषाध्यक्ष प्रतीक्षा न्यौपानेलगायतको सहभागिता थियो ।

राष्ट्रको लागि र स्वास्थ्यको लागि खेलकुद अनिवार्य भएकोले मैत्रीपूर्ण प्रतिष्पर्धामा खेल आयोजना गर्न लागिएको युवा संघ मकवानपुरका अध्यक्ष नगरकोटीले जानकारी दिए । आगामी फागुन ११ गतेदेखि १९ गतेसम्म काठमाडौंमा केपी ओली कप फुटबल प्रतियोगिता हुँदैछ ।

मैत्रीपूर्ण सेभेन 'ए' साइड फुटबल खेलले केपी ओली कप फुटबल प्रतियोगिताको प्रचार हुनुका साथै २ संगठनबीचको सम्बन्ध सुमधुर हुने प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष अधिकारीले बताए । हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा बिहान ८ बजे हुने प्रतियोगिताको उद्घाटन बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले गर्नेछन् ।

थाहाको स्काउट आयुक्तमा श्रेष्ठ नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ स्थानीय स्काउट थाहानगरको आयुक्तमा गणेशमान श्रेष्ठ नियुक्त भएका छन् । नेपाल स्काउट ऐन २०५० अन्तर्गत बनेको नेपाल स्काउट नियमावली २०७७ को दफा २१ मा स्थानीय स्काउट परिषद्मा निर्वाचित सदस्यमध्येबाट स्थानीय संरक्षकले एक जना आयुक्त मनोनित गर्ने व्यवस्था अनुरुप स्थानीय स्काउटका संरक्षक समेत रहेका थाहा नगरप्रमुख बिष्णु बिष्टले श्रेष्ठलाई फागुन ६ मा मनोनित गरेका हुन् ।

स्थानीय स्काउटको फागुन ४ गते बसेको बैठकको निर्णयअनुसार श्रेष्ठलाई स्थानीय स्काउटको आयुक्तमा सिफारिस गरिएको थियो । गत माघ २२ गते सम्पन्न स्थानीय स्काउट परिषद् सदस्यमा निर्वाचित भएका श्रेष्ठ झम्केश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक हुन् भने यस अघि स्थानीय स्काउट थाहाको संयोजक रहेर जिम्मेवारी पूरा गरिसकेका छन् ।

उनीसँगै स्थानीय स्काउट थाहानगरले पूर्णता पाएको छ । जसमा संरक्षक नगरप्रमुख विष्ट, उपप्रमुख प्रमुख भरत गोपाली, आयुक्त गणेशमान श्रेष्ठ, सदस्यहरु कुमार नेगी, विनोद लामिछाने, राम महर्जन, कृष्णप्रसाद लामिछाने, मीना महर्जन, सुमित्रा केसी, गंगा नेपाल, सावित्री केसी र रेणुका गुरुङ रहेका छन् । सदस्यसचिव थाहानगर शिक्षाप्रमुख माधबबिक्रम मल्ल रहेका छन् ।

नदीजन्यपदार्थको ४० प्रतिशत राजस्व प्रदेशलाई दिन प्रस्ताव

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ स्थानीय तहले नदीजन्य ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, दहत्तर बहत्तरबापत प्राप्त गर्ने राजस्वको ४० प्रतिशत रकम प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था ऐनमै गर्न प्रस्ताव गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधन गर्न बनेको विधेयकको मस्यौदामा संघीय सरकारले प्रदेशर स्थानीय तहबीच राजस्व बाँडफाँटमा हुने विवाद अन्त्य गर्नका लागि यस्तो प्रस्ताव गरेको हो । विधेयकमा ढुंगा, गिट्टी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, दहत्तर बहत्तरजस्ता नदीजन्य एवम् खानीजन्य वस्तुको संकलन, विक्री एवम् निकासी दस्तुर संकलनको जिम्मा मात्रै स्थानीय तहलाई दिन प्रस्ताव गरिएको छ ।

अहिले ऐनमा रहेको 'प्राकृतिक खानीजन्य' र 'खरिढुंगा' भन्ने शब्दा झिक्न प्रस्ताव गरिएएको छ भने 'दहत्तर बहत्तर' थप्न खोजिएको छ । विधेयकको मस्यौदामा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदी, खोला तथा जलाशयमा रहेको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनबाट तोकिएको परिमाण बमोजिमको स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तु बिक्री गर्न सक्ने उल्लेख छ ।

तर, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रभित्रको स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तु बिक्री सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने विधेयकको मस्यौदामा उल्लेख छ । गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदीखोलाले बगाएर ल्याएका काठ दाउरा, जराजुरी जस्ता दहत्तरबहत्तरको बिक्री गर्न सक्ने र आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनले तोकेको परिमाणमा गरिने स्लेट, बालुवा, गिट्टी, ढुंगा तथा माटोजन्य वस्तुको उत्खनन् संकलन र विक्रीमा शुल्क लगाउन सक्ने व्यवस्था पनि विधेयकका लागि प्रस्ताव गरिएको छ ।

गाउँपालिका तथा नगर पालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम दर्ता अनुमति लिई सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट उत्पादित वस्तुको परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्ने प्रस्ताव पनि छ । विधेयकमा गाउँपालिका तथा नगर पालिकाले ढुंगा, गिट्टी र बालुवाबाट पाउने बिक्री, शुल्क वा कर बापतको रकममध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको हो ।

स्लेट, ढुंगा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको उत्खनन, संकलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था पनि विधेयकको मस्यौदामा प्रस्तावित छ । यस्ता विषयमा नेपाल सरकार ले प्रदेशलाई समेत लागू हुने गरी आवश्यक मापदण्ड बनाई लागू गर्न सक्ने गरी ऐनमा प्रस्ताव गरिएको छ ।

OUR SCHOOL IS
HIRING
Pre-School Teacher

- Baljagriti English Secondary School is accepting applications for the position of Pre-School Teacher who is expected to be a committed and qualified professional to join us as a teacher.

Salary: As per the school rules.

Recruitment Process:
Class Observation, Project Demo & Interview

- ***Only shortlisted candidates will be called for the selection procedure.***
- ***Phone enquiry will not be entertained.***

Qualifications:

- At least +2 degree taking English as a major subject however preferences shall be given to the candidates with professional training preferably in Early Childhood Education.
- A passionate and creative mind with patience and unconditional love for kids.

Submit Your CV and Cover Letter To The Admin Office by 2080 Falgun 11

Contact At: 057-522435

Basudev Marga, HSMC-2

BALJAGRITI
ENGLISH SECONDARY SCHOOL

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५१६१५१२, ९८५५०७१६१३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना